मा.मन्त्रीस्तरबाट मिति २०८१।०६।०२ मा स्वीकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# अगुवा कृषक परिचालन कार्यविधि, २०८१

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाले परिलक्षित गरेका प्रतिफलहरु हासिल गर्न नेपाल सरकार र एसियाली विकास बैंक बीच भएको आयोजनाको वित्तीय सम्झौता (Financial Agreement for Loan Number 4211-NEP(COL) को Schedule 1 Para 2 (b) (ii.c) मा भएको व्यवस्था तथा आयोजना व्यवस्थापन दस्तावेज (Project Administration Manual- PAM) को Attachment B को 2.2 Farmers Capacity Building शीर्षकको para 12 (iv) मा farmer-to-farmer extension program, identifying lead farmers and training them to demonstrate climate change adaptation and best practices, तथा Output 2 मा कृषक-कृषक प्रविधि प्रसार (Farmer-to-Farmer Extension (F2FE) पद्धति मार्फत लाभान्वित हुने कृषकहरुलाई जलवायु अनुकुलन तथा आयोजना लक्षित बालीका उत्तम प्रविधिहरुको प्रदर्शन गरी अवलम्बन गर्न अगुवा कृषकहरुको पहिचान तथा परिचालनको व्यवस्था भए बमोजिम सो को व्यवस्था गरी आयोजनाका क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयले “अगुवा कृषक परिचालन कार्यविधि, २०८१” बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम “अगुवा कृषक परिचालन कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा:(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “अगुवा कृषक” भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमका कार्यहरु सञ्चालन गर्न छनोट गरिने कृषक सम्झनुपर्दछ।

(ख) “आयोजना निर्देशक समिति” भन्नाले मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएको आयोजनाको निर्देशक समिति सम्झनुपर्दछ।

(ग) “आयोजना” भन्नाले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project) सम्झनुपर्दछ।

(घ) “कार्यान्वयन एकाइ” भन्नाले आयोजना कार्यान्वयन हुने प्रदेश मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयनका लागि तोकिएको आयोजना कार्यान्वयन एकाइ (Project Implementation Unit-PIU) सम्झनुपर्दछ।

(ङ) “कृषक सहजकर्ता” भन्नाले आयोजना लागू भएका स्थानीय तहहरुमा आयोजनाका तर्फबाट नियुक्त भएका कृषि प्राविधिक सम्झनुपर्दछ।

(च) “कृषि शाखा” भन्नाले स्थानीय तहको कृषि सम्बन्धी कार्य गर्ने एकाइ सम्झनुपर्दछ।



सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(छ) **"केन्द्रीय एकाइ"** भन्नाले आयोजनाको केन्द्रीय आयोजना व्यवस्थापन एकाइ (Central Project Management Unit-CPMU) सम्झनुपर्दछ।

(ज) **"प्रादेशिक मन्त्रालय"** भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(झ) **"मन्त्रालय"** भन्नाले कृषि क्षेत्र हेर्ने सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ।

(ञ) **"विभाग"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विभाग सम्झनुपर्दछ।

(ट) **"स्थानीय तह"** भन्नाले आयोजना लागू भएका स्थानीय तहहरु सम्झनुपर्दछ।

## परिच्छेद-२

## अगुवा कृषक छनोट तथा परिचालन

३. **कार्यक्रमको विवरण:** (१) आयोजनाका लाभग्राहीहरुको क्षमता विकास तथा प्रविधि प्रसार कार्यमा सहजीकरण गर्नको लागि आयोजना लागू भएका अनुसूची-१ बमोजिमका स्थानीय तहहरुमा प्रति स्थानीय तह अधिकतम ५ जना अगुवा कृषक छनोट गरी परिचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अगुवा कृषक छनोट गर्दा महिला, दलित तथा पिछडिएको समुदायलाई प्राथमिकता दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम छनोट भई परिचालन हुने अगुवा कृषकहरुको विवरण सम्बन्धित कार्यान्वयन एकाइ र केन्द्रीय एकाइले अद्यावधिक गरी सार्वजनिक गर्नेछन्।

४. **कार्यविवरण:** (१) यस कार्यविधि बमोजिम छनोट भई परिचालन हुने अगुवा कृषकहरुले सम्बन्धित कृषक सहजकर्ताको सुपरिवेक्षण तथा समन्वयमा देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ।

(क) आयोजना लक्षित बालीहरु सम्बन्धी प्रविधिहरु (Package Of Practices) को तालिम प्राप्त गरी उक्त प्रविधिहरुको प्रसार तथा पृष्ठपोषण गर्ने।

(ख) आयोजनाका लाभग्राहीहरुलाई आयोजना लक्षित बालीहरुको बगैंचा स्थापना तथा व्यवस्थापन सम्बन्धी कृयाकलापहरुका तरिका प्रदर्शन (Method Demonstration) गर्ने।

(ग) स्थानीय तहमा आयोजनाका लाभग्राहीहरुलाई फलफूल बगैंचा स्थापनाको महत्वपूर्ण अवस्थाहरु (बगैंचा रेखाङ्कन गर्ने, खाडल खन्ने, मल राख्ने, खाडल पुर्ने, बिरुवा रोप्ने, काटछाट गर्ने, रोग कीरा व्यवस्थापन, बगैंचा व्यवस्थापन, आदि) मा स्थलगत निरीक्षण तथा प्राविधिक पृष्ठपोषण गर्ने।

(घ) स्थानीय तहमा आयोजना र लाभग्राहीको बीचमा सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने।



सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) आयोजनाका बारेमा स्थानीय स्तरमा अभिमुखीकरणका लागि समन्वय गर्ने।

(च) आवश्यकता अनुसार प्रतिवेदन तयारीका लागि तथ्याङ्क/सूचना संकलनमा सहयोग गर्ने।

(छ) सम्बन्धित स्थानीय तहको कृषि शाखा तथा कृषक सहजकर्ताले तोकेका आयोजनासँग सम्बन्धित अन्य कार्यहरु सम्पादन गर्ने।

(ज) गुरु किसानको रुपमा विकास भई सिकाइ केन्द्रको रुपमा फलफूल खेती सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने कार्यहरु सम्पादन गर्ने।

५. <u>अगुवा कृषकको न्यूनतम योग्यता</u>ः (१) यस कार्यविधि बमोजिम अगुवा कृषकको रुपमा कार्य गर्न आवश्यक पर्ने कृषकको न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ।

(क) साधारण लेखपढ गर्न सक्ने।

(ख) कम्तीमा २ रोपनी  जमिनमा फलफूल खेती गरिरहेको।

(क) फलफूल बगैंचा नजिकै सिंचाईको श्रोत भएको।

(ख) फलफूल खेती सम्बन्धी नवीनतम प्रविधिहरु परीक्षण तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न ईच्छुक।

(ग) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको।

(घ) फलफूल खेती सम्बन्धी तालिम लिएको।

(ङ) स्वयंसेवीको रुपमा सेवा दिन र कार्य गर्न अनुसूची-४ बमोजिमको प्रतिबद्धता गरेको।

(च) अनुसूची-५ बमोजिमको व्यक्तिगत विवरण।

६. <u>सूचना प्रकाशन:</u> (१) सम्बन्धित कार्यान्वयन एकाइले आयोजनाको अगुवा कृषक भई कार्य गर्न ईच्छुक कृषकहरुबाट निवेदन माग गर्न १५ दिनको म्याद दिई अनुसूची-२ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ। यसरी प्रकाशित सूचना सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था गर्नुपर्नेछ।

७. <u>निवेदन पेश गर्नुपर्ने:</u> (१) आयोजनाको अगुवा कृषक भई कार्य गर्न ईच्छुक र दफा ५  बमोजिम योग्यता पुगेका कृषकहरुले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन सम्बन्धित स्थानीय तहको कृषि शाखामा पेश गर्नुपर्नेछ।

८. <u>अगुवा कृषक छनोट:</u> (१) अगुवा कृषक छनोट गर्न स्थानीय तहमा देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) स्थानीय तहको कृषि शाखा प्रमुख | संयोजक |
| (ख) स्थानीय तहको प्रशासन शाखाको कर्मचारी प्रतिनिधि | सदस्य |
| (ग) आयोजनाको कृषक सहजकर्ता | सदस्य सचिव |



सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(२) उपदफा (१) बमोजिमको समितिले दफा ७ बमोजिम प्राप्त हुने निवेदनहरुको अनुसूची-६ बमोजिम मूल्याङ्कन गरी वडागत योग्यताक्रम तयार गर्नुपर्नेछ। उक्त योग्यता क्रमका आधारमा समितिले स्थानीय तहस्तरको समग्र योग्यताक्रम तयार गरी अनुसूची-७ बमोजिमको मूल्याङ्कन प्रतिवेदन सम्बन्धित कार्यान्वयन एकाइमा सिफारिस गर्नेछ। सम्बन्धित कार्यान्वयन एकाइले प्रति स्थानीय तहबाट ५ जनामा नबढ्ने गरी योग्यताक्रमको आधारमा अगुवा कृषक छनोट गरी परिचालन गर्नेछ। यसरी छनोट भएका अगुवा कृषक कार्य गर्न इच्छुक नरहेमा वा सम्झौता अनुरुप कार्य नगरेमा वा अन्य कारणवश उक्त स्थान रिक्त हुन गएमा कार्यान्वयन एकाइले योग्यताक्रम अनुसारका कृषकलाई छनोट गरी परिचालन गर्न सक्नेछ।

९. <u>सम्झौता:</u> (१) दफा ८ बमोजिम छनोटको लागि सिफारिस भएका अगुवा कृषकहरुसँग सम्बन्धित स्थानीय तहको कृषि शाखाको समन्वयमा प्रादेशिक कार्यान्वयन एकाइले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ। सम्झौता बमोजिम अगुवा कृषकले सन्तोषजनक कार्य गर्न नसकेमा सम्बन्धित प्रादेशिक कार्यान्वयन एकाइले जुनसुकै बखत सम्झौता रद्द गरी कार्यबाट हटाउन सक्नेछ।

(२) दफा ८ बमोजिम छनोट भई दफा ९ बमोजिम सम्झौता भएका अगुवा कृषकहरुलाई कार्यान्वयन एकाइले अनुसूची-९ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ।

१०. <u>अगुवा कृषकको क्षमता विकास र सेवा सुविधा:</u> (१) यस कार्यविधि बमोजिम छनोट भएका अगुवा कृषकहरुको क्षमता विकासका लागि आयोजनाले तालिम (खेती प्रविधि, बगैचा व्यवस्थापन, डिजीटल प्रविधि आदि), गोष्ठी, प्राविधिक भ्रमण तथा सीप विकास सम्वन्धी कृयाकलापहरु सञ्चालन गर्नेछ।

(२) आयोजनाका लाभग्राहीको क्षमता विकास गर्न बगैंचा व्यवस्थापनसँग सम्बन्धित कृयाकलापहरुको प्रदर्शन कार्य सञ्चालनको लागि आयोजनाले परिचालन गर्ने प्रत्येक अगुवा कृषकलाई रु. ३०००० (अक्षरुपी तीस हजार मात्र) मा नबढ्ने गरी अनुसूची-११ बमोजिमका सामग्री तथा उपकरणहरु सम्बन्धित कार्यान्वयन एकाइ मार्फत शत प्रतिशत अनुदानमा उपलब्ध गराउनेछ।

(३) यस कार्यविधि बमोजिम छनौट भई कार्य गर्ने अगुवा कृषकले ३ बर्षभन्दा कम समयमै अगुवा कृषकको रुपमा कार्य गर्ने छाडेमा वा कार्यप्रगति सन्तोषजनक नभएमा उपदफा २ बमोजिम उपलब्ध गराईएका सामाग्रीहरु सम्बन्धित प्रादेशिक कार्यान्वयन एकाइमा फिर्ता गर्नुपर्नेछ।

(४) आयोजनाका लाभग्राहीहरुको क्षमता विकासका कृयाकलापहरु सञ्चालन गर्ने कार्यको समन्वयका लागि अगुवा कृषकहरुलाई प्रोत्साहन स्वरुप (यातायात, सञ्चार तथा खाजा खर्च बापत) मासिक एकमुष्ठ रु. ५००० (अक्षरुपी पाँच हजार मात्र) का दरले अधिकतम तीन वर्षसम्म अनुसूची-१० बमोजिमको मासिक प्रतिवेदनका आधारमा सम्बन्धित कार्यान्वयन एकाइ मार्फत उपलब्ध गराउनेछ।

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(५) अगुवा कृषकलाई लाभग्राहीहरुको मागका आधारमा फलफूल बँगैचा व्यवस्थापन लगायतका विषयमा तोकिएका बाहेक अन्य सेवा प्रदान गरे बापत सम्बन्धित लाभग्राहीबाट आपसी सहमतिमा सेवा शुल्क लिन सक्नेछन्।

११. <u>गुरु कृषकको रुपमा विकास गरिने:</u> (१) दफा ८ बमोजिम छनोट हुने अगुवा कृषकहरुको क्षमता विकास मार्फत् गुरु कृषकको रुपमा विकास गरिनेछ।

१२. <u>भुक्तानी:</u> (१) सम्बन्धित प्रदेशको कार्यान्वयन एकाइले स्थायी लेखा नं तथा मासिक प्रतिवेदनको आधारमा बैंक खाता मार्फत् अगुवा कृषकले पाउने प्रोत्साहन सुबिधा भुक्तानी गर्नेछ।

१३. <u>सुपरिवेक्षण:</u> (१) यस कार्यविधि बमोजिम परिचालन हुने अगुवा कृषकहरुले सञ्चालन गर्ने कृयाकलापहरुको सुपरिवेक्षण सम्बन्धित कृषक सहजकर्तालि गर्नेछन् भने स्थानीय तहको कृषि शाखा तथा कार्यान्वयन एकाइले समेत आवश्यकता अनुसार सुपरिवेक्षण गर्नेछन्।

(२) अगुवा कृषकहरुले आफूले सञ्चालन गरेका कृयाकलापहरुको विवरण नियमित रुपमा सम्बन्धित कृषक सहजकर्ता समक्ष पेश गर्नु पर्नेछ। कृषक सहजकर्तालि आफू मातहतका अगुवा कृषकहरुको कार्य प्रगति विवरण (प्रतिवेदन) अनुसूची - १० बमोजिमको ढाँचामा त्रैमासिक रुपमा कार्यान्वयन एकाइमा पेश गर्नुपर्नेछ।

१४. <u>कार्यविधिको पालना:</u> (१) यो कार्यविधि आयोजनासँग सम्बन्धित सेवाग्राही, अनुदानग्राही लगायत सरोकारवाला सबैले पालना गर्नुपर्नेछ।

१५. <u>अमान्य हुने:</u> (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१६. <u>बाधा अड्काउ फुकाउने:</u> (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

१७. <u>संशोधन तथा खारेज:</u> (१) यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

सह-सचिव

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

आयोजना लागू भएका स्थानीय तहहरु

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | कोशी | पाँचथर | हिलिहाङ, फिदिम |
| | | तेह्रथुम | आठराई, लालीगुराँस, म्याङलुङ, फेदाप |
| | | धनकुटा | छथर जोरपाटी, धनकुटा, महालक्ष्मी, पाख्रिबास |
| | | भोजपुर | अरुण, भोजपुर पौवादुङमा |
| | | खोटाङ | हलेसी तुवाचुङ, रावा बेसी, दिक्तेल रुपाकोट मझुवागढी |
| | | ओखलढुंगा | चम्पादेवी, मानेभन्ज्याङ, सुनकोशी |
| | | सोलुखुम्बु | सोलुदुधकुण्ड, थुलुङ दुधकोशी, माप्य दुधकोशी |
| २ | बागमती | नुवाकोट | लिखु , तादी |
| | | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी, ईन्द्रावती, मेलम्ची |
| | | धादिङ | नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, गजुरी |
| ३ | गण्डकी | गोरखा | आरूघाट, पालुङटार, सिरानचोक |
| | | लमजुङ | बेसीशहर, मध्यनेपाल, मर्स्याङ्दी, राइनास, सुन्दरबजार |
| | | तनहुँ | म्याग्दे, ऋसिङ्ग |
| | | कास्की | अन्नपुर्ण, मादी, पोखरा |
| | | स्याङ्जा | विरुवा, चापाकोट, गल्याङ |
| | | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास |
| | | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड, घरपझोङ, थासाङ |
| | | मनाङ | नार्सों, मनाङ ङिस्याङ, चामे |
| | | म्याग्दी | अन्नपूर्ण, बेनी |
| | | बाग्लुङ | बडिगाड, गल्कोट, जैमिनी, काठेखोला, निसिखोला |
| ४ | कर्णाली | रुकुम पश्चिम | बाँफिकोट, मुसिकोट, सानी भेरी |
| | | सल्यान | सिद्ध कुमाख, शारदा |
| | | जाजरकोट | छेडागाड, जुनीचाँदे |
| | | दैलेख | आठवीस, नारायण,चामुन्डा बिन्द्रासैनी |
| | | कालीकोट | शुभकालिका, नरहरीनाथ |
| | | जुम्ला | हिमा, सिंजा, कनकासुन्दरी |

सह-सचिव

| क.स. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| | | मुगु | खत्याड, सोरु |
| | | हुम्ला | ताँजाकोट, अदानचुली |
| | | डोल्पा | मुड्केचुला |
| ५ | सुदूरपश्चिम | अछाम | बान्नीगढी जयगढ, कमलबजार, मंगलसेन, पंचदेवल विनायक, तुर्माखाँद |
| | | बाजुरा | बुढीनन्दा, जगन्नाथ, स्वामीकार्तिक खापर |
| | | बैतडी | दशरथचन्द, पाटन |
| | | बझाङ | छबिसपाथिभेरा, मष्टा, जयपृथ्वी, बुङ्गल |
| | | दार्चुला | शैल्यशिखर, लेकम |
| जम्मा | ५ | ३४ | १०० |

सह–सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

## अगुवा कृषक छनोटको लागि निवेदन पेश गर्ने सूचनाको ढाँचा

सूचना प्रकाशन भएको मिति: ........................

यस आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि २०८१ अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरुमा अगुवा कृषक छनोट गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक न्यूनतम योग्यता पुगेका कृषकहरुले मिति ................ भित्र उल्लेखित कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहको कृषि क्षेत्र हेर्ने एकाइ/शाखा/उपशाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरु |
|---|
| |

आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:

(क) अनुसूची-३ बमोजिमको निवेदन
(ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
(ग) अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
(घ) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची -३

(दफा ७ सँग सम्बन्धित)

अगुवा कृषक भई कार्य गर्न कृषकहरुले पेश गर्ने निवेदन र व्यक्तिगत विवरणको ढाँचा

मिति:……………..

श्री कृषि शाखा/उपशाखा/एकाइ

………………….. गा.पा/न.पा/उ.न.पा/म.न.पा

विषय : अगुवा कृषकको रुपमा कार्य गर्न निवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तहाँ कार्यान्वयन एकाइबाट मिति …………………………… मा प्रकाशित सूचना अनुसार आयोजनाको अगुवा कृषक भई कार्य गर्न ईच्छुक रहेको हुँदा अगुवा कृषक परिचालन कार्यविधि २०८१ बमोजिम निवेदनका साथ संलग्न विवरण पेश गर्दछु।

संलग्न कागजातहरु

(क) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

(ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ग) अनुसूची - ४ बमोजिमको प्रतिवद्धता पत्र

(घ) अनुसूची - ५ बमोजिमको आवेदकको व्यक्तिगत विवरण

निवेदकको नाम थर:

स्थायी ठेगाना:

नागरिकता नं.:

सम्पर्क नं.:

हस्ताक्षर:

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-४

(दफा ५ को उपदफा १ (छ) सँग सम्बन्धित)

प्रतिवद्धता पत्रको ढाँचा

मितिः.........................

श्रीमान् प्रमुखज्यू

कार्यान्वयन एकाइ

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

......................

विषय : प्रतिवद्धता सम्बन्धमा।

प्रस्तुत विषयमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि, २०८१ अनुसार अगुवा कृषकको रुपमा फलफूल खेतीका उन्नत प्रविधिहरुको अनुसरण गर्न तथा आफुले जाने सिकेका प्रविधिहरु आयोजनाका अन्य लाभग्राहीहरु समक्ष प्रसारको लागि ईमान्दारीपूर्वक स्वयंसेवीको रुपमा कार्य गर्न प्रतिवद्ध रहेको व्यहोरा जानकारी गराउँदछु।

दस्तखतः

आवेदकको नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

सह-सचिव

| | |
|---|---|
| दाँया | बाँया |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची — ५

(दफा ५ को उपदफा १ (ज) सँग सम्बन्धित)

आवेदकको व्यक्तिगत विवरण

| क्र.सं. | विषय | विस्तृत विवरण |
|---|---|---|
| १ | आवेदकको संक्षिप्त विवरण | |
| क | आवेदकको नामः | |
| ख | स्थायी ठेगानाः | |
| ग | नागरिकता नं. | |
| घ | राष्ट्रिय परिचय पत्र नं. | |
| ङ | उमेर | |
| च | लिङ्ग | |
| छ | जाति, (ब्राम्हण, क्षेत्री, दलित, जनजाति, अन्य) | |
| ज | विपन्न समुदाय भए खुलाउने | |
| २ | शैक्षिक योग्यता | |
| ३ | आफ्नो स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल (रोपनी) | |
| ४ | खेती गरिरहेको प्रमुख बालीहरु र तिनको क्षेत्रफल | |
| ५ | फलफूल खेती गरिएको विवरण<br>बाली, क्षेत्रफल र बोटको उमेर खुलाउने | |
| ६ | सिंचाईको अवस्था | |
| क | मौसमी सिंचाई | |
| ख | नियमित सिंचाई गर्ने भए विधि, श्रोत र सिंचाई गर्ने समय उल्लेख गर्ने | |
| ७ | फलफूल खेती सम्बन्धी तालिम लिएको विवरण<br>(तालिमको विषय, तालिम दिने निकाय र अवधि उल्लेख गर्ने) | |
| ८ | फलफूल खेतीमा अनुसरण गरिरहेको नवीनतम प्रविधि सम्बन्धी विवरण (प्रविधिको नाम, अनुसरण गरेको अवधि, यसबाट प्राप्त लाभ) | |



सह-सचिव

| क्र.सं. | विषय | विस्तृत विवरण |
|---|---|---|
| ९ | कृषक सहजकर्ता भई कार्य गरेको अनुभव (सहजीकरणको विषय, सहजकर्ता भई कार्य गरेको संस्था वा निकाय, स्थान र अवधि उल्लेख गर्ने) | |
| १० | कृषि प्रविधि प्रसार (उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन, तरिका प्रदर्शन आदि) मा संलग्न भएको अनुभव | |

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची - ६

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

## अगुवा कृषक छनोट मूल्याङ्कन फाराम

| विवरण | अङ्क दिने आधारहरु | अधिकतम अङ्क | प्राप्तांक |
|---|---|---|---|
| शैक्षिक योग्यता (१० अङ्क) | साधारण लेखपढ | ६ | |
| | आधारभूत तह (१० कक्षा) उत्तीर्ण | ८ | |
| | माध्यमिक तह ( १२ कक्षा उत्तीर्ण वा सो भन्दा माथि) | १० | |
| फलफूल खेती सम्बन्धी विवरण (१५ अङ्क) | २ देखि ३ रोपनी सम्म क्षेत्रफलमा फलफूल खेती गरिरहेको | १० | |
| | ३ भन्दा बढी ५ रोपनी सम्म क्षेत्रफलमा फलफूल खेती गरिरहेको | १३ | |
| | ५ रोपनी भन्दा बढी क्षेत्रफलमा फलफूल खेती गरिरहेको | १५ | |
| सम्बन्धित स्थानीय तहको लागि तोकिएको आयोजना लक्षित बालीको खेती (५अङ्क ) | गरिरहेको | ५ | |
| तालिम तथा अनुभव (१५ अङ्क) | १. फलफूल खेती सम्बन्धी तालिम (१० अङ्क) | | |
| | क. १ देखि २ दिन अवधिको | ५ | |
| | ख. ३ देखि ७ दिन अवधिको | ७ | |
| | ग. ७ दिनभन्दा बढी | १० | |
| | २. कृषक सहजकर्ता भई कार्य गरेको | २ | |
| | ३. कृषि प्रविधि प्रदर्शन कार्यक्रम संचालन गरेको | ३ | |

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| विवरण | अङ्क दिने आधारहरु | अधिकतम अङ्क | प्राप्तांक |
|---|---|---|---|
| लैगिंक तथा सामाजिक समावेशिता (५ अङ्क) | महिला | ३ | |
| | पिछडिएको समुदाय | २ | |

मूल्याङ्कनकर्ता

| | | |
|---|---|---|
| नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः |

सह-सचिव

अनुसूची- ७

(दफा ८ को उपदफा २ सँग सँग सम्बन्धित)

अगुवा कृषक छनोटको लागि सिफारिस साथ पठाउने मूल्याङ्कन प्रतिवेदनको ढाँचा

मितिः.....................

श्री कार्यान्वयन एकाइ

............................ प्रदेश।

विषयः छनोट प्रतिवेदन पेश गरिएको बारे ।

उपरोक्त विषयमा तहाँ कार्यान्वयन एकाइ ............ प्रदेशबाट मिति ...............मा प्रकाशित सूचना बमोजिम यस समितिमा दर्ता भएका जम्मा .............. थान निवेदकहरुको कार्यविधि बमोजिम गरिएको मूल्याङ्कनको आधारमा तपसिल बमोजिमको छनोट प्रतिवेदन देहायका कागजातहरू समेत संलग्न राखी सम्झौताको सिफारिस साथ पठाईएको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

(क) प्राप्ताङ्क सहितको मूल्याङ्कन विवरण

| क.सं | निवेदन दर्ता नं. | दर्ता मिति | निवेदकको नाम | ठेगाना | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ख) वडागत योग्यताक्रम सूची

| क.सं | | योग्यताक्रम | निवेदकको नाम | ठेगाना | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(ग) एकमुष्ठ योग्यताक्रम सूची

| क.सं | योग्यताक्रम | निवेदकको नाम | ठेगाना | प्राप्ताङ्क | छनोट सिफारिस गरिएको वडा | कैफियत (छनोट वा वैकल्पिक उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संलग्न कागजातहरु

क. दर्ता भएका सम्पूर्ण सक्कलै आवेदनहरु र त्यस साथ पेश भएका कागजातहरु
ख. हरेक आवेदनको अनुसूची ५ बमोजिमको मूल्याङ्कन

संयोजक

.............................................

........................म.न.पा/न.पा/.गा.पा

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची - ८

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## अगुवा कृषकसँग गरिने सम्झौताको ढाँचा

.............................. कार्यान्वयन एकाइ, ................ (प्रथम पक्ष) र ........................जिल्ला ................. पालिका वडा नं........बस्ने ..........................................को नाति/नातिनी ............................को छोरा/छोरी श्री..........................ना. प्र. नं. ..................... (दोस्रो पक्ष) का बीच अगुवा कृषकको रुपमा कामकाज गर्न गराउन मिति ..................... को निर्णयअनुसार देहायका कार्य शर्तहरुको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा प्रदान गर्न गराउन मञ्जुर भएकोले यो सम्झौता गरी एक एक प्रति बुझिलियौं/दियौं।

१. दोस्रो पक्षले आफूलाई तोकिएको काम पहिलो पक्षले तोकेको समय र स्थानमा गई सम्पन्न गर्नु पर्नेछ।
२. अगुवा कृषकहरुले.......................गा.पा./न.पा./म.न.पा. को कृषक सहजकर्ताको सुपरिवेक्षण तथा समन्वयमा विभिन्न कार्यहरु सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ।
३. प्रथम पक्षले दोश्रो पक्षको क्षमता प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गर्नेछ। साथै फलफूल बगैंचा व्यवस्थापनको तरिका प्रदर्शनको लागि (...........) सामाग्रीहरु उपलब्ध गराउन सक्नेछ।
४. प्रथम पक्षले दोश्रो पक्षलाई प्रोत्साहन स्वरुप (यातायात, सञ्चार तथा खाजा खर्च बापत) मासिक एकमुष्ठ रु. ५००० (अक्षरुपी पाँच हजार मात्र) का दरले उपलब्ध गराउनेछ। साथै दोश्रो पक्षलाई पहिलो पक्षले आयोजनाका लाभग्राहीहरुको क्षमता विकास सम्बन्धी तालिम लगायतका कृयाकलापहरुमा श्रोतव्यक्तिको रुपमा परिचालन गरेमा प्रचलित नियमअनुसार दै.भ्र.भ. र पारिश्रमिक उपलब्ध गराउन सक्नेछ।
५. दोस्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भए अनुसार आचरण र अनुशासनको पालना गर्नु पर्नेछ।
६. यस सम्झौताको अवधि २०.................देखि २०....................... सम्मको लागि हुनेछ।

<u>दोस्रो पक्षको तर्फबाट</u>
हस्ताक्षर :
नाम :
ठेगाना :
मितिः

<u>प्रथम पक्षको तर्फबाट</u>
हस्ताक्षर :
नाम :
कार्यालयको छाप

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची - ९

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

अगुवा कृषक परिचय पत्र

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

कार्यान्वयन एकाइ,

..................................

अगुवा कृषक परिचय पत्र

फोटो

परिचय पत्र नं.:

नामः

ठेगानाः जिल्लाः पालिकाः वडा नं.: टोलः

कार्य क्षेत्रः जिल्लाः पालिकाः वडा नं.:

जारी मितिः

म्याद सकिने मितिः

सम्पर्क नं.:

नागरिकता नम्बर र जारी भएको जिल्लाः

अगुवा कृषकको सहीः जारी गर्ने अधिकारीको सहीः

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची - १०

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

कार्य प्रगति प्रतिवेदनको ढाँचा

अगुवा कृषकको नाम :

ठेगाना:

प्रतिवेदन अवधि:

| क्र.सं. | सञ्चालित क्रियाकलापहरु | ईकाइ | परिमाण | लाभग्राहीहरुको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| १.३ | | | | | |
| २ | | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| २.३ | | | | | |
| | | | | | |
| | | | | | |

<u>तयारकर्ता</u>

नाम:

ठेगाना :

हस्ताक्षर:

मितिः

<u>स्वीकृतकर्ता</u>

कृषक सहजकर्ताको नाम:

ठेगाना :

हस्ताक्षर:

मितिः

सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची -११

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

अगुवा कृषकलाई आयोजनाले निःशुल्क उपलब्ध गराउन सक्ने सामग्री तथा उपकरणहरु

क. सिकेचर

ख. प्रुनिङ्ग-स

ग. स्प्रेयर

घ. वोर्डो पेन्ट/पेष्ट लगायतका अन्य आवश्यक सामग्रीहरु

ङ. सुरक्षात्मक पहिरन (पि.पि.ई.) लगायत अन्य आवश्यक सामग्री तथा उपकरणहरु

सह-सचिव